**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ जून २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगालका मुख्य मंत्री सुभेन्दु अधकारी भोलि दार्जिलिंग जिल्लाको खर्सांग आउनु हुनेछ|
- पश्चिम बङ्गाल सरकारले प्रधानमन्त्री ग्राम सड़क योजना अन्तर्गत कालेबुङमा २६, दार्जिलिङमा १७ अनि सिलगढ़ी महाकुमा परिषदमा ४ सड़कहरूका लागि मञ्जूरी प्रदान गरेको छ।
- दार्जिलिङ हिमालयन रेलवेको इतिहासमा गोर्खाहरुको योगदान अतुलनीय छ। दार्जिलिङ हिमालयन रेलवेको अहिलेका गौरवमय अस्तित्व हुनमा पनि गोर्खाहरुको महत्वपूर्ण भूमिका रहेको छ।'
- राष्ट्रीय परीक्षा एजेंसी- एन.टी.ए ले स्नातक चिकित्सा पाठ्यक्रममा प्रवेशको लागि नीट-यूजी पुनःपरीक्षा को प्रवेश-पत्र जारी गरेको छ।
- मौसम विभागले आगामी छ देखि सात दिनसम्म उप-हिमालयी पश्चिम बङ्गाल, सिक्किम, अरुणाचल प्रदेश, असम र मेघालयमा अत्यधिक भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

<u>सुभेन्दु अधिकारि दार्जिलिंग भ्रमण</u>

पश्चिम बंगालका मुख्यमन्त्रि सुभेन्दु अधकारी भोलि दार्जिलिंग जिल्लाको खर्सांग आउनु हुनेछ| प्राप्त जानारी अनुसार खर्सांगको चांदमारी सेना मैदानमा हेलिकोप्टर द्वारा बिहान आउनु हुनेछ र त्यहाँ बाट गोथल्स जानु हुनेछ| गोथल्समा प्रशासनिक बैठक तथा विभिन्न सरोकारवालाहरु सित भेट गर्नु हुनेछ| मुख्यमन्त्रि बने पछि यो उहाँको पहिलो दार्जिलिंग पहाड भ्रमण हुनेछ| उहाँको यस भ्रमणमा पहाडको विकास तथा अन्य समस्या समाधान विषयहरुमा गहन छलफल गरिने स्रोतहरुले जनाएका छन्|

**<u>पीएमजीएसवाई</u>**

माननीय मुख्यमन्त्री श्री सुवेन्दु अधिकारीज्यूको नेतृत्वमा पश्चिम बङ्गाल सरकारले प्रधानमन्त्री ग्राम सड़क योजना (पीएमजीएसवाई) अन्तर्गत कालेबुङमा २६, दार्जिलिङमा १७ अनि सिलगढ़ी महाकुमा परिषदमा ४ सड़कहरूका लागि मञ्जूरी प्रदान गरेको छ।

पीएमजीएसवाई अन्तर्गत कालेबुङ जिल्लामा कुल ८०.१९४ किलोमीटर ग्रामीण सड़कको निर्माणलाई मञ्जूरी प्रदान गरिएको छ।

यी सड़कहरू यस प्रकार छन्:

गोरुबथान खण्ड अंतर्गत पाँच, लाभा खण्ड अंतर्गत तीन , पेदोङ खण्ड अंतर्गत चार, कालेबुङ – I अंतर्गत 14 ग्रामीण सड़कको निर्माणलाई मञ्जूरी प्रदान गरिएको छ।

यसैप्रकारले दार्जिलिङ जिल्लाका लागि ६२ किलोमीटर सड़कका लागि अनुमति प्रदान गरिएको छ।

जसमा दार्जिलिङ – पुलबजार खण्ड अंतर्गत सात, जोरबङ्लो – सुकिया पोखरी खण्ड अंतर्गत चार, खरसाङ खण्ड अंतर्गत एक , मिरिक खण्ड अंतर्गत एक अनि रङ्ली रङलिअट खण्ड अंतर्गत चार ग्रामीण सड़कको निर्माणलाई मञ्जूरी प्रदान गरिएको छ।

यसरी नै सिलगढडी महकुमा परिषद अंतर्गत चार ग्रामीण सड़कको निर्माणलाई मञ्जूरी प्रदान गरिएको छ।

यी सड़कहरूले दार्जिलिङ अनि कालेबुङ जिल्लाहरूका ग्रामीण क्षेत्रका जनताहरूका लागि उत्कृष्ट पहुँच, आर्थिक विकास, अनि जीवनशैलीमा सुधारका लागि मार्ग प्रशस्त गर्नेछन्।

**एनटीए-नीट प्रवेश पत्र**

राष्ट्रीय परीक्षा एजेंसी- एन.टी.ए ले स्नातक चिकित्सा पाठ्यक्रममा प्रवेशको लागि नीट-यूजी पुनःपरीक्षा को प्रवेश-पत्र जारी गरेको छ। प्रवेश पत्र एन.टी.ए को आधिकारिक वेबसाइट neet.nta.nic.in बाट डाउनलोड गर्न सकिनेछ। परीक्षा 21 जून को दिन दिउसो 2 बजे देखि साझ पांच बजेर 15 मिनट सम्म चल्नेछ।

**हिमालयन रेलवेमा गोर्खाहरुको योगदान**

दार्जिलिङ हिमालयन रेलवेका निर्देशक रिसभ चौधरीले दार्जिलिङ हिमालयन रेलवे विषयमा सिलगढीमा आफुले दिएको बयानको स्पष्टीकरण दिनु भएको छ। उहाँले
उनले खरसाङमा पत्रकारहरुले उक्त विवादस्पद बयान विषयमा सोधेका प्रश्नको उत्तरमा आफ्नो स्पष्टीकरणमा भन्नु भयो, 'आँखाबिना देख्न सकिँदैन, कानबिना सुन्न सकिँदैन र रगतबिना नसा चल्दैन। त्यसरी नै गोर्खाहरुबिना दार्जिलिङ हिमालयन रेलवेको इतिहास कल्पना पनि गर्न सकिन्दैन।'
उल्लेखनीय छ , निर्देशक रिसभ चौधरीले दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा भइरहेको समर फेस्टिभल अन्तर्गत शुक्रवार सिलगढीमा दार्जिलिङ हिमालयन रेलवे लेप्चा, बंगाली र भारतीयहरुको रहेको बताउनु भएको थियो, जसको कारण विवाद उत्पन्न भएको थियो।
निर्देशक चौधरीले भन्नु भयो , 'मेरो भनाइलाई गलत तरिकाले लिइयो, तर मेरो सम्पूर्ण वक्तव्यलाई सुने स्पष्ट हुन्छ। मेरो भनाई दार्जिलिङ हिमालयन रेलवेको उन्नतिमा मुख्य भूमिका निर्वाह गर्ने विशेष समुदायको विषयमा चर्चा गर्नु थियो। डीएचआर गोर्खा समुदायप्रति ऋणि छन्। दार्जिलिङ हिमालयन रेलवेको इतिहासमा गोर्खाहरुको योगदान अतुलनीय छ। दार्जिलिङ हिमालयन रेलवेको अहिलेका गौरवमय अस्तित्व हुनमा पनि गोर्खाहरुको महत्वपूर्ण भूमिका रहेको छ।'

पश्चिम बंगाल-सीआईडी

अपराध जांच विभाग (CID) ले हिज तृणमूल कांग्रेसका सांसद अभिषेक बनर्जी सित पार्टी विधायकहरुको हस्ताक्षर धोखाधड़ीको मामिलमा कथित रुपमा शामिल भएको विषयमा लिएर नौ घण्टा भन्दा अधिक समयको लागि पूछताछ गर्यो। सूत्र अनुसार, एजेंसीले कोलकातामा सी.आई.डी मुख्यालय भवानी भवनमा तृणमूल कांग्रेसक विधायक कुणाल घोष अनि अभिषेक बनर्जी सित आमने-सामने पूछताछ गर्यो। कुणाल घोष सित तीन घण्टा भन्दा अधिक ज़्यादा समय सम्म पूछताछ गरिएको थियो।

सिलगढ़ी शालिग अनावरण

पश्चिम बंगालका पर्यटन तथा संसदीय कार्य मन्त्री शंकर घोषले हिज सिलगढ़ीको प्रधान नगर तथा गुरुङ बस्तीको संस्थापक स्वर्गीय पुण्य प्रसाद प्रधान अनि बाघबिर गुरुङको शालिग अनावरण गर्नुभयो। यस अवसरमा बोल्दै डा. शंकर घोषले भन्नुभयो, प्रधान नगर र गुरुङ बस्तीको स्थापना र नामकरणको इतिहास अहिलेको पीढ़िले जान्ने अवसर पाउने छन्। इतिहासको संरक्षणका लागि यो एउटा राम्रो पहल हो भनी उहाले भन्नुभयो। उहाँले भन्नुभयो

बाइट- शंकर घोष

यस अवसरमा राज्यका गृह तथा पार्वतीय मामिला राज्यमन्त्री विशाल लामा उपस्थित हुनुहुन्थ्यो। आफनो सम्बोधनमा उहाले यसलाई प्रशंसनीय कार्य बताउनु भयो। यस अवसरमा सिक्किमका मुख्यमन्त्रीको प्रतिनिधिको रूपमा सल्लाहकार जैकब खालिङ पनि उपस्थित थिए। खरसाङका विधायक सोनाम लामा, गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष विमल गुरुङ तथा आई.जी.जे.एफ अध्यक्ष अजय एडवर्ड पनि यस समारोहमा उपस्थित थिए। भानुभक्त समितिको प्रयासमा यी शालिगहरूको निर्माण गरिएको हो।

गोजमुमो महासचिव - मन्त्री दिलिप घोषभेट

गोर्खा जनमुक्ति मोर्चा महासचिव रोशन गिरीले हिज पश्चिम बंगाल सरकारका ग्रामीण विकास, पञ्चायत तथा पशुपालन विकास मन्त्री दिलिप घोष सित अनौपचारिक भेटवार्ता गरेका छन्। उक्त भेट वार्तामा दार्जिलिङ पहाड, तराई तथा डुवर्सको राजनीतिक भविष्य, त्रिस्तरीय पञ्चायत व्यवस्था, जीटीए भित्र भएका कथित भ्रष्टाचार तथा अनियमितताहरू, साथै जीटीएको

वर्तमान अवस्था र अस्तित्वबारे विस्तृत छलफल भएको बताइएको छ।

<u>सीमापार तस्करी मामिलामा तृणमूल नेता पुलिस हिरासतमा</u>

भारत-बांग्लादेश सीमामा पशु तथा मादक पदार्थको तस्करीको ठुलो मामिलामा  हेमताबादको एक प्रभावशाली तृणमूल कांग्रेस नेता अली साकिरुल इस्लामलाई  पुलिसले हिज पक्राउ गरेको छ। इस्लाम विष्णुपुर ग्राम पंचायतको  भोग्राम  निवासी हुन्। इस्लामलाई रायगंज मुख्य न्यायिक मजिस्ट्रेट अदालतमा  पेश गरियो, जहांबाट उसलाई चार दिनको पुलिस हिरासतमा पठाइएको छ।

पुलिस सुत्र अनुसार, धेरै समय देखि सीमा क्षेत्रमा तस्करीको संगठित नेटवर्क सक्रिय थियो। हालिमा बामर बॉर्डर आउट पोस्ट (बीओपी) क्षेत्रमा सीमाको काडे तार काटेर 12 गाई वस्तु बांग्लादेश पठाउने घटना सामने आएको छ। यस मामिलामा पक्राउ परेका दुइ बांग्लादेशी तस्कर सित पूछताछ अवधि अली साकिरुल इस्लामको  नाम सामने आएको छ। जाचमा खुलासा भए अनुसार इस्लाम  केवल गाई वस्तु तस्करी होइन तर प्रतिबंधित कफ सिरप अनि ब्राउन शुगरको तस्करीको पनि संलग्न थिए। आरोपि विरुद्ध भारतीय न्याय संहिता (बीएनएस) अनि सरकारी संपत्ति संरक्षण अधिनियमको विभिन्न धारा अंतर्गत मुद्दा दर्ता गरिएको छ।

**<u>मौसम</u>**

मौसम विभागले आगामी छ देखि सात दिनसम्म उप-हिमालयी पश्चिम बङ्गाल, सिक्किम, अरुणाचल प्रदेश, असम र मेघालयमा अत्यधिक भारी वर्षा हुने पूर्वानुमान गरेको छ। आज पूर्वोत्तर क्षेत्र र पश्चिम बङ्गालमा पनि भारी वर्षा हुने देखिएको छ। विभागका अनुसार अबको चारदेखि पाँच दिनमा महाराष्ट्रका अधिकांश भाग, कर्नाटकका केही भाग, तेलंगाना, आन्ध्र प्रदेश, पश्चिम बङ्गाल, उडिसा, झारखण्ड, बिहार र दक्षिण छत्तिसगढमा दक्षिणपश्चिम मनसुन सक्रिय हुने सम्भावना रहेको छ। राजस्थान, पूर्वी उत्तर प्रदेश, उडिसा र पश्चिम मध्य प्रदेशमा मेघ गर्जनसहित वर्षाको चेतावनी दिइएको छ। हरियाणा, चण्डीगढ, पञ्जाब, हिमाचल प्रदेश र उत्तराखण्डमा आज भारी देखि अति  भारी वर्षा हुने सम्भावना छ। बिहार, जम्मू–कश्मीर, झारखण्ड, मध्य महाराष्ट्र, तमिलनाडु, पुदुचेरी, कराइकल र निकोबार द्वीपमा पनि यस्तै अवस्था रहने अनुमान गरिएको छ। अर्कोतर्फ, मराठवाडामा लु चल्ने सम्भावनारहेको छ। कोङ्कण र गोवा पनि आगामी दुई दिनसम्म गरम र आर्द्र रहनेछ। आज दिल्लीमा आंशिक रुपमा आकाशमा बादल  रहनेछ। देशका केही स्थानमा मेघ गर्जन सहित वर्षाको सम्भावना रहेको छ। अधिकतम तापक्रम 38 देखि 40 डिग्री सेल्सियस र न्यूनतम तापक्रम 25 देखि 27 डिग्री सेल्सियस रहनेछ।

****** o ******